# शिवालय गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिमा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :०७८।०७९
चलानी नम्बर : 1258

मितिः २०७९।०३।२२

विषयः जानकारी सम्बन्धमा ।

श्री सरोकारवाला सबै,
शिवालय गाउँपालिका सिमा, जाजरकोट ।

प्रस्तुत विषयमा यस शिवालय गाउँपालिका अन्तर्गतका १ देखि ९ वटै वडाका सम्पुर्ण कोभिड-१९ बाट प्रभावित लाभग्राहीहरुलाई नगद हस्तान्तरणको लागि कोभिड-१९ महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम तपसिलमा उल्लेखित प्रक्रिया पूरा गरी प्राप्त भएको निवेदन उपर कारवाही गरी भुक्तानी प्रक्रिया अगाढी वढाइने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिल

३. **नगद प्राप्त गर्ने लाभग्राहीः** (१) कोभिड-१९ को महामारी नियन्त्रणको लागि गरिएको बन्दाबन्दीको कारणबाट भइरहेको पेशा, व्यवसाय वा श्रम गर्ने अवसर गुमाई आर्थिक रूपमा अतिविपन्न देहाय बमोजिमका नेपाली नागरिकको परिवारलाई राहत स्वरूप प्रति परिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गरिनेछः-

(क) विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत

२५

प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या :०७८।०७९
चलानी नम्बर : १२६४

प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार,

(ख) खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाइलो, डोको आदिमा सामान बेच्ने अति विपन्न व्यवसायी,

(ग) दैनिक ज्याला-मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्सा चालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया,

(घ) कोभिड-१९ सङ्क्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको परिवारले यस्तो नगद हस्तान्तरण प्राप्त गर्न सक्नेछैनः-

(क) निवेदन दिँदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिरहेको,

(ख) परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकार वा नेपाल

प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :०७८।०७९
चलानी नम्बर : १२३४

सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,

(ग) सञ्चित आय वा पैत्रिक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको,

(घ) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रूपमा नगद प्राप्त गरेको परिवार।

४. <u>लाभग्राहीको सङ्ख्या निर्धारण:</u> (१) प्रत्येक स्थानीय तहभित्रका लाभग्राहीको अधिकतम सङ्ख्या सो स्थानीय तहभित्र रहेको कुल परिवार सङ्ख्या, स्थानीय तहको मानव विकास सूचकाङ्क र सामाजिक-आर्थिक असमानता समेतका आधारमा अनुसूची-१ मा उल्लेख भएबमोजिम निर्धारण गरिएको छ।

(२) कुनै स्थानीय तहमा अनुसूची-१ मा उल्लेख भएको भन्दा बढी सङ्ख्यामा नगद प्राप्तिका लागि निवेदन प्राप्त हुन आएमा कोभिड-१९ को महामारीबाट अतिप्रभावित अतिविपन्न परिवारलाई प्राथमिकतामा राखी सो अनुसूचीमा उल्लेख भएको सङ्ख्यामा नबढ्ने गरी स्थानीय तहको कार्यपालिकाले लाभग्राही छनौट गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको लाभग्राहीको सङ्ख्यालाई स्थानीय तहको कार्यपालिकाले वडास्तरमा रहेको

परिवार सङ्ख्या, गरिबीको अवस्था र आवश्यकता समेतका आधारमा न्यायोचितरूपमा वडागत बाँडफाँट गर्न सक्नेछ।

राजेन्द्र कुमार चन्द
प्रमुख प्रशासकीय अधिकृत